# स्नातक तह उर्तिण गरि विवाह गर्ने

# छोरीलाई सम्मान गर्न कार्यविधि

# २०७९

**सुनकोशी गा.पा**

**रामटार सिन्धुली**

प्रस्थावना :

गरिबी अशिक्षा तथा अध्ययनको पहुँचबाट टाढा परेको कारणले छोरीहरु पढाई पुरा नगरी पढाई छोड्न तथा शिक्षाको अभाव कै कारण कम उमेरमा विवाह गर्ने अवस्थाको न्युनिकरण गर्न छोरा पढाउ र छोरी बढाउ अभियनलाई सार्थकता प्रदान गर्न सुनकोशी गाउँपालिकाको प्रशासकिय कार्यविधि (नियमित गर्ने) ऐन २०७७ को दफा ... बमोजिम देहायको कार्यविधि बनाएको छ ।

## परिच्छेद -१

**(१)संक्षिप्त नाम र प्रारम्भ**

क) यस कार्यविधिको नाम : स्नातक तह उर्तिण गरि विवाह गर्ने छोरीलाई सम्मान गर्ने  कार्यविधि २०७९ रहेको छ ।

ख) यो कार्यविधि राजपत्रमा प्रकाशन भएको अवधिबाट लागु हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

**क) कार्यालय** : भन्नाले सुनकोशी गाउँपालिकाको कार्यालय सम्झनु पर्दछ ।

**ख) अध्यक्ष** : भन्नाले यस गाउँ पालिकाको  अध्यक्ष सम्झनु पर्दछ ।

**ग) समिति** : भन्नाले यस कार्याविधिको परिच्छेद ......बमोजिम गठित समिति सम्झनु पर्दछ ।

**घ) वडा कार्यालय** :भन्नाले सुनकोशी गाउँपालिकाको ७ वटै वडा कार्यालय सम्झनु पर्दछ ।

## परिच्छेद-२

**उद्देश्य**

यस कार्यविधिको उद्देश्य देहाय बमोजिम रहने छ ।

१) छोरीहरुलाई विद्यालय तथा क्यामपस पढ्न प्रेरित गर्नु ।

२) छोरा छोरी समानहुन भन्ने धारणा सहित समानता कायम गर्नु ।

३) कम उमेरमा हुने विवाह न्युनिकरण गर्नु ।

४) सामाजिक  अन्धविश्वासहरुको अन्त्य गर्नु ।

५) समाज परिचालन गरि सामाजिक एकिकरणमा छोरीहरुको योगदान स्थापित गर्नु ।

## परिच्छेद -३

**(आवश्यक) पेश गर्नुपर्ने कागजातहरु**

स्नातक तह उर्तिण गरि विवाह गर्ने छोरीले सम्मान प्राप्त गर्न तपशिलका। कागजातहरु पेश गर्नु पर्नेछ ।

क) विवाह दर्ताको प्रमाण पत्रको प्रतिलिपी

ख) नागरिकताको प्रमाण पत्रको प्रतिलिपी

ग) वडा कार्यालयको सिफारिस पत्र

घ) विवाह झल्कने तस्वीर

ङ) पासपोर्ट साईजको फोटो २ प्रति

च) स्नातह तह उर्तिण गरेको प्रमाणपत्रको प्रतिलिपी ।

## परिच्छेद-४

## सिफारिस समिति

परिच्छेद नं. ३ बमोजिम आवश्यक कागजातहरु अध्ययन गरि गाउँ पालिकाको महिला तथा बालवालिका शाखालाई सिफारिस गर्न स्नातक तह उर्तिण गरि विवाह गरेका छोरीलाई सम्मान गर्न एक सिफारिस समिति रहनेछ । जसमा देहाय बमोजिमका पदाधिकारीहरु रहने छन ।

क) गा.पा अध्यक्ष ⟶ अध्यक्ष

ख) गा.पा उपाध्यक्ष ⟶ सदस्य

ग) प्रमुख प्रशासकिय अधिकृत ⟶ सदस्य

घ) सामाजिक विकास समिति संयोजक ⟶ सदस्य

ङ) लेखा शाखा प्रमुख ⟶ सदस्य

च) सामाजिक विकास शाखा प्रमुख ⟶ सदस्य

छ) महिला तथा बालवालिका शाखा प्रमुख ⟶ सदस्य सचिव

## परिच्छेद -५

## कार्यक्रम संचालन सम्बन्धि आय व्यवस्था

स्नातक तह उर्तिण गरी विवाह गर्ने छोरीलाई सम्मान गर्न यस कार्यविधिको परिच्छेद ३ र ४ बमोजिमका कागजात सहित सिफारिस हुन आएका छोरीहरुलाई सम्मान स्वरुप पालिकाले एकमुष्ठ एकपटकको लागी रु. १०,०००।-(दश हजार मात्र ।-) उपलब्ध गराइने छ ।